**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

**२०७९।०८० सालको निर्णय नं.४३५**

**पुनरावेदन नं. ०७७-RB-०३३१**

**मुद्दाः-मूल्य अभिवृद्धि कर (२०७१/०७२)**

| | |
|---|---|
| काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.२४ न्युरोड स्थित श्री पारामाउण्ट इलेक्ट्रोनिक्स प्रा.लि.(स्थायी लेखा नं.३०१५८४१६८) का तर्फबाट अधिकार प्राप्त संचालक विशाल अग्रवाल.......................................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर..................................................१<br>आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाण्डौं..............................................१ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर प्रशासक श्री शोभाकान्त पौडेल

शुरु कार्यालयको निर्णय मितिः–२०७२/११/२३

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विनोद बहादुर कुवँर

निर्णय मितिः- २०७६/११/२१

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः- विद्वान अधिवक्ताद्वय श्री सतिस कुमार झा र श्री शैलेन्द्र प्रसाद यादव

प्रत्यर्थी कार्यालयहरुका तर्फबाटः- विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीरः ×**

प्रस्तुत मुद्दामा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७२/११/२३ को

अन्तिम कर निर्धारण निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६/११/२१ मा भएको निर्णय समेत उपर चित्त नबुझी राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम पर्न आएको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**<u>तथ्य खण्ड</u>**

१. करदाता श्री पारामाउण्ट इलेक्ट्रोनिक्स प्रा. लि.को कर परीक्षणको सिलसिलामा आ.व. २०७१।०७२ को स्वीकृत लेखा परीक्षण प्रतिवेदनको आधारमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) तथा मूल्य अभिवृद्धि कर नियमावली,२०५३ को नियम २९(१ ) बमोजिम मूल्य अभिवृद्धि कर, जरिवाना, थप दस्तुर र ब्याज समेत गरी जम्मा रु.५,९९,८६८।- को प्रारम्भिक कर निर्धारण आदेश मिति २०७२।११।११ मा जारी भएको।

२. प्रारम्भिक कर निर्धारण आदेश बमोजिम मूल्य अभिवृद्धि कर तिर्नु नपर्ने कारण भए १५ दिन भित्र ठोस प्रमाण पेश गर्न जारी भएको सूचना करदाताले मिति २०७२।११।१२ मा बुझिलिई सोको जवाफ मिति २०७२।११।१७ गते लिखित जवाफ पेश भएको।

३. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) अनुसार २०७२ असार कर अवधिका लागि कर विगो रु.२,९९,९३४।- र जरिवाना रु.२,९९,९३४।—समेत जम्मा रु.५,९९,८६८।—मुल्य अभिवृद्धि कर निर्धारण गरी मूल्य अभिवृद्धि कर नियमावली, २०५२ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७२/११/२३ मा भएको निर्णय ।

४. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७२/११/२३ मा जारी गरेको आ.व. २०७१/०७२ को मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी करदाता पारामाउण्ट इलेक्ट्रोनिक्स प्रा.लिले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७३/०१/२७ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

५. निवेदकले कानूनद्धारा तोकिएको प्रकृया पुरा नगरी, कर अधिकृतबाट निरीक्षण गराई कर कट्टी गरिएको बस्तुहरुको आफुखुसी मौज्दातबाट घटाई स्टकमा नरहेको अवस्था भएकोले त्यस्ता बस्तुहरु प्रचलित बजार मुल्यमा बिक्री भएको मानी ठूला करदाता कार्यालयले कर निर्धारण गर्ने हुँदा उपरोक्त मौज्दात कायम हुने विक्री रु.२३,०७,१८४।— को १३ प्रतिशतले हुने रकम रु.२,९९,९३४।—मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा (२) को देहाय (क) को आधारमा सोही ऐनको दफा २९(२) बमोजिम कर

विगोको शतप्रतिशत जरिवाना समेत गर्ने गरी ठूला करदाता कार्यालयबाट भएको अन्तिम कर निर्धारणको निर्णय पर्चा कानुनसम्मत देखिएकोले निवेदकको निवेदन जिकिर नपुग्ने ठहर्छ भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।११।२१ मा भएको निर्णय।

६. बस्तु विक्री नै नभएको मौज्दातमै रहेको अवस्थामा मिति २०७२।०१।१२ को विनासकारी भुकम्पको कारणले हानी नोक्सानी हुन गएको बस्तुको मौज्दातबाट लगत कट्टा गरिएको हो।उक्त महाभुकम्पले भएको क्षति प्रमाणित गरी नेपाल सरकारद्धारा नै स्वीकृत विमा कम्पनीले क्षतिपुर्ति भुक्तानी ब्यवस्था रहेकोमा सोही अनुसार प्रमाणित भएको मौज्दातको क्षतिको विवरण झूठा नभई विमा कम्पनीबाट जारी सूचना बमोजिम क्षतिको फारम मात्र नभरेको हो । यस्तो अवस्थामा मूल्य अभिवृद्धि कर निर्धारण नै हुनु नपर्ने महामारीको अवस्थामा शतप्रतिशतको जरिवाना गर्ने गरी भएको कर निर्धारणको निर्णय तथा सोही निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत बदर गरी करदाताबाट पेश भएको कर विवरण बमोजिम हुने गरी आदेश गरी पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई करदाताको तर्फबाट मिति २०७७/०७/२३ मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/११/०५ मा भएको आदेश।

## ठहर खण्ड

८. नियम बमोजिम पेशी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा करदाता श्री पारामाउण्ट ईलेक्ट्रोनिक्स प्रा.लि.का तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताद्वय श्री सतिस कुमार झा र श्री शैलेन्द्र प्रसाद यादवले २०७२ को विनाशकारी भुकम्पको समयमा विक्री कारोवार नै नभएको अवस्थामा क्षति भएको सामानलाई विक्री गरेको मानी मूल्य अभिवृद्धि कर निर्धारण तथा शतप्रतिशतले जरिवाना समेत लिने गरी गरेको निर्णय मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा नियमावली, २०५३ बिपरित रहेकोले ठूला करदाता कार्यालयबाट भएको अन्तिम कर निर्धारण आदेश तथा सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत त्रुटीपूर्ण हुँदा बदर गरी पाउँ भनी प्रस्तुत गर्नु भएको बहस समेत सुनियो।

९. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले करदाताले कानून बमोजिम

लाग्ने मूल्य अभिवद्धि कर तथा शतप्रतिशतले हुने जरिवाना बुझाउनु पर्ने गरी ठूला करदाता कार्यालयबाट भएको निर्णय र सोही निर्णय लाई सदर गर्ने गरी अन्तरिक राजस्व विभागका महानिर्देशकबाट गरेको निर्णय समेत कानूनसम्मत नै रहेको देखिँदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो ।

१०. करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, ठूला करदाता कार्यालय ललितपुरबाट करदाताको हकमा भएको आ.व.२०७१।०७२ को अन्तिम कर निर्धारणको आदेश तथा प्रशासकीय पुनरावलोकनको क्रममा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत मिलेको छ, छैन ? करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने प्रश्नमा नै निर्णय दिनुपर्ने देखियो।

११. निर्णय तर्फ बिचार गर्दा, भूकम्पबाट भएको क्षतिको कारण मौज्दात घटी भएकोलाई बिक्री कायम गरी ठूला करदाता कार्यालयले कर निर्धारण गरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९(२) बमोजिम शतप्रतिशत जरिवाना हुने गरी गरेको जम्मा रु.५,९९,८६८/- कर निर्धारण त्रुटिपूर्ण रहेको भनी करदाताले पुनरावेदन जिकिर लिएको देखिन्छ । करदाताले मिति २०७२/१/१२ को विनाशकारी भूकम्पबाट रु.३२,८८,५१७।४१ मूल्य बराबरको सामानहरु हानी नोक्सानी भएको हो । सामानको मौज्दात सुरक्षणको लागि गराएको बिमाको हकमा बिमक श्री सगरमाथा इन्स्योरेन्स कम्पनी लि.बाट नियुक्त सर्वेक्षकले मौज्दात परीक्षण गर्दा पानासोनिक कम्पनीका विभिन्न सामानहरु रु.१३,०४,२६०/- मुल्य बराबर क्षति भएको प्रमाणित विवरण मिसिल संलग्न रहेकोछ भन्ने समेत जिकिर गरेको देखिन्छ ।मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३९क.मा "कुनै वस्तु आगजनी, चोरी, दुर्घटना, टुटफुट, ध्वंसात्मक गतिविधिका कारणले हानी नोक्सानी हुन गई त्यस्तो वस्तुको मौज्दातबाट लागत कट्टा गर्नु परेमा वा कम मूल्यमा बिक्री गर्नु पर्ने भएमा प्रमाण सहित त्यस्तो अवस्था भएको मितिले तीस दिन भित्र त्यस्तो वस्तुमा तिरेको कर कट्टी गर्नको लागि आन्तरिक राजस्व कार्यालयमा निवेदन दिनु पर्ने र यसरी परेको निवेदन छानविन गर्दा हानी नोक्सानी भएको देखिएमा कर अधिकृतले त्यस्तो हानी नोक्सानी भएको वस्तुमा तिरेको कर कट्टी गर्न दिन सक्नेछ" भन्ने कानुनी व्यवस्था रहेको देखिन्छ ।करदाताले घटी मौजदात देखिएका सामानको हकमा उक्त कानूनी प्रक्रिया पुरा गरेको देखिदैन। साथै आन्तरिक राजस्व विभागले समेत विनासकारी भुकम्पको कारण कर कट्टी दावी गरेको बस्तु टुटफुट भई क्षति भएको भए त्यस्तो क्षतिको विवरण तत्काल प्राप्त गरी सो को कर अधिकृतबाट निरिक्षण समेत गराई त्यस्तो क्षतिको क्रेडिट दावीलाई निरन्तरता दिने उद्देश्यले मिति २०७२।०१।२५ को

निर्णयानुसार क्षतिको विवरण दिन सार्वजनिक सूचना प्रकाशन गरेकोमा यी करदाताले कुनै क्षतिको विवरण दिएको मिसिलबाट देखिदैन। यस स्थितिमा मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा  २० को उपदफा (१) र (२) बमोजिम अन्तिम कर निर्धारण गरेको निर्णय मिलेकै देखिंदा अन्यथा भन्न मिलेन।

१२. जहाँ सम्म  शत प्रतिशत जरिवाना गरेको त्रूटिपूर्ण छ भनी करदाताले लिएको अर्को जिकिर छ, सो सम्बन्धमा हेर्दा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९ को उपदफा (१क) मा "यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले विभागले तोकेको आधारमा कर बिगोको पच्चीस प्रतिशतसम्म जरिवाना गर्न सक्नेछ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। त्यसैगरी सोही ऐनको दफा २९ को उपदफा (२) मा "कुनै व्यक्तिले झुट्टा लेखा वा बीजक वा अन्य कागजात तयार गरेमा ,जालसाजी गरी कर छलेमा,दर्ता नभएको व्यक्तिले दर्ता भएको व्यक्ति सरह व्यवहार गरेमा,न्युन बीजकीकरण गरी बिक्री गरेमा र दफा ३० को उल्लंघन गरी कारोवार गरेमा कर अधिकृतले त्यस्तो व्यक्तिलाई कर बिगोको शतप्रतिशत रकम जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। कानून बमोजिम जरिवाना गर्नको लागि आरोपित कसूर शंकारहित रुपमा पुष्टि हुनु पर्दछ। मुल्य अभिवृद्धि कर नियमावलीको २०५३ नियम ३९क. पालना नभएको आधारमा अन्तिम कर निर्धारण भएकोमा मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९(२) बमोजिम शत प्रतिशत जरिवाना गरेको  निर्णय न्यायोचित देखिदैन। मुल्य अभिवृद्धि कर ऐन वा ऐन अन्तर्गत बनेको नियम पालना नगरी करको दायित्व घटाएको भन्ने कसूर स्थापित  भएपनि यी करदाताको हकमा मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९(२) बमोजिम शत प्रतिशत जरिवाना गर्नको लागि सोही दफाको उपदफा (२) को खण्ड (क) देखि (ङ) सम्म लेखिएको कसूर स्थापित हुनु पर्नेमा  त्यस्तो कसूर  नै स्थापित नगरी शत प्रतिशत जरिवाना गरेको कानून सम्मत नहुँदा शुरु निर्णय जरिवानाको हकमा केही उल्टी भई यी करदातालाई ऐनको दफा २९(१क) बमोजिम पच्चिस प्रतिशत जरिवाना गर्नु  पर्ने हुन आयो ।

१३. तसर्थ माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट करदाता श्री पारामाउण्ट इलेक्ट्रोनिक प्रा. लि. (स्थायी लेखा नं.३०१५८४१६८) को आ.ब. २०७१।०७२ को मूल्य अभिवृद्धि कर तर्फ ठूला करदाता कार्यालयले अन्तिम कर निर्धारण गर्दा करदातालाई मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९(१क) बमोजिम जरिवाना लगाउनु पर्नेमा सोही ऐनको दफा २९(२) बमोजिम शत प्रतिशत जरिवाना लगाएको मिति २०७२।११।२३ को निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका

महानिर्देशकबाट मिति २०७६।११।२१ मा भएको निर्णय सो जरिवानाको हदसम्म मिलेको नदेखिंदा केही उल्टी हुने ठहर्छ । करदाताको अन्य पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

**तपसील खण्ड**

१. माथि ठहर खण्डमा लेखिए बमोजिम करदातालाई मुल्य अभिवृद्दि कर ऐन,२०५२ को दफा २९(२) बमोजिम शत प्रतिशत जरिवाना गरेको निर्णय केही उल्टी भई ऐनको दफा २९(१क) बमोजिम पच्चिस प्रतिशत जरिवाना हुने ठहरेकोले करदाताले बुझाउनु पर्ने जरिवाना रकमको हिसाव गरी बढी जरिवाना वापत बुझाएको रकम कानून बमोजिम करदातालाई फिर्ता दिनु भनी ठूला करदाता कार्यालयलाई लेखी पठाईदिनू ।

२. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालयलाई दिनू।

३. सरोकारवाला पक्ष प्रस्तुत फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू।

४. प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू।

५. यस मुद्दाको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठुला करदाता कार्यालय पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनु।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

इजलास अधिकृत :-लक्ष्मी प्रसाद शर्मा

इतिसम्बत २०८० साल जेष्ठ २३ गते रोज ३ शुभम.............................

प्रमाणिकरण मितिः-

फैसला प्रमाणिकरण गर्नेः- राजस्व न्यायाधिकरण काठमाण्डौको छाप